नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक ११९ २०७८ साल मंसिर २० गते सोमबार (6 Dec. 2021 Monday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

यौन दुराचारी जहाँपनि हुन सक्छन्
त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं,
आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : बाघ गणना प्रारम्भ, लक्ष्यअनुरूप.. ३ पृष्ठमा : कांग्रेस महाधिवेशन प्रदेश ... ३ पृष्ठमा यमनको राजधानीमा साउदी ...

# सप्तरीमा खुल्यो सशस्त्र प्रहरी बलको एपिएफ स्कुल




**दैनिक समाचारदाता राजविराज, १९ मंसिर ।**

सप्तरीको शम्भुनाथ नगरपालिका ११ लहरनियामा सशस्त्र प्रहरी बलको एपिएफ स्कुलको नवनिर्मित भवनको आइतबार उद्घाटन गरिएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले एक समारोहबीच उक्त स्कुलको उद्घाटन गरेका हुन् । विद्यालय निर्माणका लागि नेपाल रेडक्रस सोसाइटी सप्तरीका अध्यक्ष जोगेन्द्र भगतले आठ बिघा ११ कट्ठा जग्गा उपलब्ध गराएका छन् ।

कीर्तिपुर र कोहलपुरपछि सप्तरीको शम्भुनाथमा निर्माण गरिएको सशस्त्र प्रहरीको आवासीय विद्यालय प्रदेश १ र २ लाई पायक पर्ने गरी बनाइएको सशस्त्र प्रहरी महानिरीक्षक खनालले बताउदै शिक्षा र स्वास्थ्य क्षेत्रको विकास भए सबै क्षेत्रमा सकारात्मक प्रभाव पर्ने र विकास हुने जनाए ।

आगामी शैक्षिक सत्रदेखि विद्यालय सञ्चालन गर्ने लक्ष्य लिएको जानकारी दिँदै विद्यालयका समादेशक सशस्त्र प्रहरी नायब उपरीक्षक भुवनसिंह ठकुरीले १५ कोठाका प्रशासनिक र विद्यालय भवनका लागि ६ करोड ५१ लाख खर्च भएको जानकारी दिए । यस्तै उनले छात्रावास, मेस, ब्यारेकका लागि ७ करोड ४९ लाखको काम भइरहेको बताए ।

कार्यक्रममा जग्गादाता भगत र उहाँकी श्रीमती ठाकोदेवी भगतलाई महानिरीक्षक खनालले प्रशंसापत्रसहित सम्मान गरेका छन् । सम्मानित भगतले नवनिर्मित विद्यालय भविष्यमा क्याम्पस बन्ने सपना देखेको र सोका लागि थप दुई/तीन बिघा जग्गा दान गर्ने बताए ।

विद्यालयमा प्रहरी परिवारका बालबालिकाका साथै अशक्त, असहाय, गरिब सर्वसाधारण नागरिकका बालबालिकालाई समेत अध्ययन गराइने सशस्त्र प्रहरी गण ६ का सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिए ।

कार्यक्रममा सप्तरीका प्रमुख जिल्ला अधिकारी जर्नादन गौतम, बराह वाहिनी सुनसरीका सशस्त्र प्रहरी नायब महानिरीक्षक कमल गिरी, प्रदेश नं २ का

***बाँकी अन्तिम पृष्ठमा***

# प्रदेश २ मा मंसिर २२ गते सार्वजनिक बिदा

जनकपुर, १९ मङ्सिर (रासस) ।

प्रसिद्ध सीताराम विवाह पञ्चमी महोत्सवको अवसरमा प्रदेश-२ सरकारले मङ्सिर २२ गते (बुधबार) सार्वजनिक बिदा दिएको छ ।

प्रदेश सरकारको मन्त्रिपरिषद्को २०७८ साल वैशाख १ गतेको निर्णयअनुसार नै बुधवार सार्वजनिक बिदा दिइएको हो । यस्तै जनकपुरधाम उपमहानगरपालिकाले विवाह पञ्चमी महोत्सवलाई दृष्टिगत गरी नगरका सामुदायिक तथा निजी विद्यालयमा तीन दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ ।

जनकपुरधामको जानकी मन्दिरमा जारी सप्ताहव्यापी कार्यक्रम विवाह पञ्चमी महोत्सवको उपलक्ष्यमा मङ्गलबारदेखि बिहीबारसम्म शिक्षण संस्था बन्द गर्ने निर्णय भएको जनकपुरधाम उपमहानगरपालिकाका शिक्षा, युवा तथा खेलकुद महाशाखाका प्रमुख मेहिलाल यादवले जानकारी दिनुभयो ।

विवाह पञ्चमीको मेलाका कारण हुने भीडभाडलाई मध्यनजर गर्दै पालिकाभित्र रहेका सामुदायिक, निजी विद्यालय तथा शिक्षण संस्थालाई मङ्सिर २१ देखि २३ गतेसम्म बिदा दिने निर्णय भएको प्रमुख यादवले बताउनुभयो ।

गत शुक्रवारबाट सुरु भएको सप्ताहव्यापी कार्यक्रम विवाहपञ्चमी महोत्सव अन्तर्गत बुधवार वैवाहिक कार्यक्रम रहेको छ ।

सीताराम विवाहमहोत्सव अन्तर्गत पहिलो दिन शुक्रवार जनकपुर नगरदर्शन गरिएको थियो भने शनिवार फुलवारी लिला सम्पन्न गरिएको हो । आइतवार धनुषयज्ञ गरिएको छ । महोत्सव अन्तर्गत सोमबार तिलकोत्सव, मङ्गलबार मटको, बुधबार शुभविवाह रहेको छ भने बिहीबार रामकलेवा भएसँगै विवाहपञ्चमी महोत्सव सम्पन्न हुने जानकी मन्दीरका उत्तराधिकारी महन्थ रामरोशन दास बैष्णवले जानकारी दिनुभयो ।

## सूचना। सूचना।। सूचना।।।

यहि मिति २०७८ साल मंसिर १७ गतेदेखि पहिलो चरणमा सप्तकोशी न.पा., सुरुङ्गा न.पा., खडक न.पा., शम्भुनाथ न.पा., डाक्नेश्वरी न.पा., हनुमाननगर कंकालीनी न.पा., अग्नीसाईर कृष्णासवरन गा.पा. र तिरहुत गा.पा. तथा पुष ४ गतेदेखि दोस्रो चरणमा तिलाठी कोइलाडी गा.पा., छिनमस्ता गा.पा., रुपनी गा.पा., महादेवा गा.पा., विष्णुपुर गा.पा., बलान बिहुल गा.पा. र राजगढ गा.पा.मा मतदाता नामावलीमा नाम दर्ता गराउन छुट हुनु भएका मतदाताहरुको लागि १५ दिने मतदाता नामावली संकलन बिशेष कार्यक्रम सञ्चालन हुन गईरहेकोले आ आफ्नो स्थानीय तहमा सम्पर्क राखी मतदाता नामावलीमा नाम दर्ता गराई आफ्नो मताधिकार सुनिश्चित गर्नु हुन हार्दिक अनुरोध गर्दछौ । जिल्ला प्रशासन कार्यालय/जिल्ला निर्वाचन कार्यालय र इलाका प्रशासन कार्यालय रहेका स्थानीय तहको हकमा साविकमा झै तहाँबाटै निरन्तर रुपमा नै मतदाता नामावली संकलन हुने साथै बाह्य जिल्ला ठेगाना भएका मतदाताहरुको लागि जिल्ला निर्वाचन कार्यालयबाटमात्र नाम दर्ता हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

जिल्ला निर्वाचन कार्यालय
सप्तरी




अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# बाघ गणना प्रारम्भ, लक्ष्यअनुरूप बाघको संख्या पुग्ने अनुमान

काठमाडौँ, १९ मङ्सिर (रासस)।

नेपाल सरकारले आइतबारदेखि राष्ट्रिय बाघ सर्वेक्षण, २०२२ प्रारम्भ गरेको छ। सरकार (सचिवस्तर)को गत असोज १७ गतेको निर्णयानुसार राष्ट्रिय बाघ गणना, २०२२ सञ्चालन गर्न विभिन्न समिति गठन गरिएको थियो।

वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकको संयोजकत्वमा सल्लाहकार समिति, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका इकोलोजिष्टको संयोजकत्वमा प्राविधिक समिति र स्थानीयस्तरमा प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा कार्यान्वयन कार्यदल गठन गरेको थियो।

बाघ गणनामा क्यामेरा ट्र्याप, सन्टो कम्पास, रेन्जफाइन्डर, जिपिएस, रेकर्ड फर्मलगायतका सामग्रीको प्रयोग गरी 'टाइगर एण्ड प्रे बेस मोनिटरिङ प्रोटोकल, २०१७' ले निर्दिष्ट गरेअनुरूप क्यामेरा ट्र्यापिङ र अकुपेन्सी सर्भे विधि अपनाई बाघ गणना गरिने विभागले जनाएको छ।

नेपालमा बाघको विचरण रहेको क्षेत्रलाई चितवन-पर्सा कम्प्लेक्स, बाँके बर्दिया कम्प्लेक्स र शुक्लाफाँटा क्षेत्र गरी तीनवटा कम्प्लेक्समा विभाजन गरिएको छ। पूर्वमा नारायणी नदीदेखि पश्चिममा नारायणी नदी पूर्व नवलपुर जिल्लाको वन क्षेत्रसम्मको क्षेत्रलाई चितवन पर्सा कम्प्लेक्स मानी सोहीबमोजिम नक्साङ्कन गरिएको विभागका सूचना अधिकारी इकोलोजिष्ट वेदकुमार ढकालले जानकारी दिनुभयो।

यसैगरी चितवन पर्सा कम्प्लेक्सलाई तीनवटा ब्लकमा विभाजन गरिएको छ। पहिलो ब्लकमा टिकौली सौराहाभन्दा पश्चिमको क्षेत्र, दोस्रो ब्लकमा सौराहादेखि चुरियामाईसम्मको क्षेत्र तथा माडी क्षेत्र, तेस्रो ब्लकमा चुरियामाईदेखि बाग्मती नदीसम्मको क्षेत्रको सर्वेक्षण हुनेछ। पहिलो, दोस्रो तथा तेस्रो ब्लकमा क्रमश २८७, ३१० र २९८ वटा ग्रिड रहेका छन्। प्रत्येक ग्रिडभित्र बाघले प्रयोग गर्ने क्षेत्र हेरी एक जोडी स्वचालित क्यामेरा जडान गरिने छ।

पहिलो ब्लकमा १५ दिनसम्म क्यामेरा रखिने छ। तत्पश्चात सोही क्यामेरा उठाई क्रमश: १५ दिनका दरले दोस्रो र तेस्रो ब्लकमा राखिने छ। ब्लकमा सम्पूर्ण क्यामेरा राखिसकेपछि मात्र गणना हुने उहाँले बताउनुभयो।

बाघ सर्वेक्षण कार्यमा चितवन तथा पर्सा राष्ट्रिय निकुञ्जका प्राविधिक कर्मचारी, डिभिजन वनकार्यालयका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका वन्यजन्तु प्राविधिक, वन्यजन्तु विज्ञ, नेपाली सेना, मध्यवर्ती क्षेत्र तथा स्थानीय समुदाय, संरक्षण सहयोगी संस्थाका कर्मचारी एवं स्वयंसेवकसमेतको सहभागिता रहेको छ।

सर्वेक्षणका क्रममा चितवन पर्सा कम्प्लेक्समा सात, बाँके-बर्दिया कम्प्लेक्स र शुक्लाफाँटा क्षेत्रमा तीन वटाका दरले हात्ती प्रयोग हुनेछन्। चितवन पर्सा कम्प्लेक्समा परिचालित हुने १०६ जना प्राविधिकलाई यही मङ्सिर १७ र १८ गते चितवन राष्ट्रिय निकुञ्ज सौराहामा प्रयोगात्मक अभ्याससहितको तालिम दिइएको थियो। बाँके बर्दिया कम्प्लेक्समा छुट्टै तालिमको आयोजना हुनेछ। तालिमप्राप्त प्राविधिक फिल्डमा परिचालित भइसकेका छन्।

**तीन करोड ७० लाख खर्च लाग्ने अनुमान**

राष्ट्रिय बाघ सर्वेक्षका लागि नेपाल सरकार समेतबाट बजेट विनियोजन भएको छ। यसका अतिरिक्त डब्लुडब्लुएफ नेपाल, जेडएसएल नेपाल तथा राष्ट्रिय प्रकृति संरक्षण कोषबाट आर्थिक र प्राविधिक सहयोग प्राप्त भएको इकोलोजिष्ट ढकालले जानकारी दिनुभयो।

चितवन पर्सा कम्प्लेक्सको गणना कार्यमा स्थानीय कार्यदल, चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले व्यवस्थापकीय कार्य भएको छ। बाघ सर्वेक्षण, २०२२ को सम्पूर्ण कार्य सम्पन्न गर्न करिब रु तीन करोड ७० लाख खर्च लाग्ने अनुमान गरिएको छ।

बाघ गणना कार्यक्रमको नतिजाबाट दुर्लभ तथा लोपोन्मुख प्रजातिको बाघ संरक्षणको अवस्था थाहा पाई संरक्षण र व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन नेपालमा सन् १९९० को दशकदेखि बाघको गणना हुँदै आएको छ। सन् २००९ देखि राष्ट्रियरूपमै बाघको सर्वेक्षण सुरुआत गरिएको थियो। हालसम्मको नतिजालाई हेर्दा नेपालमा सन् १९९५/९६ मा ९३ देखि ९७ वटा बयस्क बाघ रहेको, सन् २००९ मा १२१, सन् २०१३ मा १९८ र सन् २०१८ को सर्वेक्षणअनुसार २३५ वटा बयस्क बाघ रहेको अनुमान गरिएको थियो।

नेपालले अन्तर्राष्ट्रिय समुदाय समक्ष सन् २०१० मा रसियाको सेन्टपिटर्सबर्गमा भएको बाघसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनमा प्रतिबद्धता गरेबमोजिम सन् २०२२ सम्म बाघको सङ्ख्या दोब्बर (२५० वटा) पुऱ्याउने लक्ष्य राखेको थियो। सोहीअनुरुप सन् २०२२ मा अनुमान गर्न अवश्यक भएको र राष्ट्रिय बाघ सर्वेक्षण, २०२१ गणनाले उक्त उद्देश्य प्राप्त गर्न सहयोग पुग्ने विभागले जनाएको छ।

बाघ पारिस्थिकीय प्रणालीको उच्चतम स्थानमा रहेको वन्यजन्तु हो। बाघको संरक्षण गर्दा समग्र पारिस्थिकीय प्रणालीको संरक्षण हुने भएको हुँदा बाघको सङ्ख्यालाई पारिस्थिकीय प्रणालीको स्वच्छता र संरक्षणको प्रभावकारिता मापनको सूचकको रूपमा लिने गरिन्छ।

# थप २०५ मा कोरोना सङ्क्रमण पुष्टि

काठमाडौँ, १९ मङ्सिर (रासस)।

देशभर पछिल्लो २४ घण्टामा थप २०५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा १० हजार ७४७ जनाको नमूना परीक्षण गरिएको थियो। यससँगै नेपालमा पिसिआर विधिबाट कोरोना परीक्षण गरिँदा सङ्क्रमितको सङ्ख्या आठ लाख २२ हजार ५९२ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

पिसिआर विधिबाट परीक्षण गर्नेको सङ्ख्या ४६ लाख ६२ हजार ६८० र एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या सात लाख ४२ हजार २०४ पुगेको छ। पछिल्लो समय थप ४३६ जना कोरोनाबाट निको भएका छन्। यससँगै निको हुनेको सङ्ख्या आठ लाख चार हजार ५४४ पुगेको छ। निको हुने दर ९७ दशमलव आठ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

कोभिडविरुद्धको खोप लगाउनेको सङ्ख्या पछिल्लो २४ घण्टामा ५७ हजार ९३० रहेको छ। हाल सक्रिय सङ्क्रमितको सङ्ख्या छ हजार ५०७ रहेको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट एकजनाको मृत्यु भएको छ। यससँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५४१ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर एक दशमलव चार प्रतिशत रहेको छ। हाल होम आइसोलेसनमा छ हजार १६३, संस्थागत आइसोलेसनमा ३४४, सघन उपचारकक्षमा १०७ र भेन्टिलेटरमा २८ जनाको उपचार हुँदैछ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौँ र ललितपुर रहेका छन् भने २०० भन्दा बढी उपचारार्थ सङ्क्रमित रहेका जिल्लामा सुनसरी, भक्तपुर, कास्की, नवलपरासी (पूर्व), बाँके र कैलाली छन्। शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, हुम्ला, मुगु र सल्यान रहेका छन्।

# प्रेस सेन्टरको १९९ सदस्यीय कार्यसमिति घोषणा

चितवन, १९ मङ्सिर (रासस)।

प्रेस सेन्टर नेपालको चौथो राष्ट्रिय महाधिवेशनको बन्द सत्रले १९९ सदस्सीय समिति घोषणा गरेको छ। बन्दसत्रमा गठन गरिएको अध्यक्ष मण्डलले पछि १५ थप गर्ने गरी सदस्यको नाम सार्वजनिक गरेको हो।

सहजीकरणका लागि गोविन्द आचार्यको संयोजकत्वमा अध्यक्ष मण्डल गठन गरिएको थियो। नयाँ कार्यसमितिको आइतबारै बस्ने बैठकले पदाधिकारीको टुङ्गो लाग्ने जनाइएको छ। बन्दसत्रले १८ बुँदे घोषणापत्र जारी गरेको छ।

सेन्टरका निवर्तमान कोषाध्यक्ष सुरेशचन्द्र अधिकारीका अनुसार १८ बुँदे घोषणापत्रमा प्रधानन्यायाधीशलाई उच्च नैतिकता प्रस्तुत गर्दै निकास दिन आग्रह गरिएको छ।

यसैगरी दललाई राजनीतिक गतिरोध अन्त्य गर्न ध्यानाकर्षण, मिडियासम्बन्धी पूराना कानुन खारेज गरी नयाँ कानुन बनाउन, साना लगानीको संरक्षण, श्रम ऐन कार्यान्वयन नगर्ने मिडियालाई सबै सेवासुविधा बन्द गर्न, सञ्चारकर्मीले सवारीसाधन किन्दा भन्सार छुट, स्वास्थ्य बीमा लागू गर्नेलगायत समेटिएको उहाँले जानकारी दिनुभयो।

शनिबार नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सम्मेलनको उद्घाटन गर्नुभएको थियो। यसअघि महेश्वर दाहालको नेतृत्वमा २६० सदस्सीय कार्यसमिति रहेको थियो। महाधिवेशनमा ७७ जिल्ला, उपत्यका, एसोसिएट र प्रतिष्ठानका प्रतिनिधि गरी झण्डै ८०० प्रतिनिधि सहभागी भएको सेन्टरले जनाएको छ। महाधिवेशनको बन्दसत्रमा विधान संसोधनसमेत गरिएको अधिकारीले जानकारी दिनुभयो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# विभेद र असमानता नहटेसम्म मुलुक समृद्ध बन्न नसक्ने : अध्यक्ष यादव



जनकपुर, १९ मङ्सिर (रासस)।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले विभेद र असमानता नहटेसम्म मुलुक समृद्ध बन्न नसक्ने बताउनुभएको छ। महोत्तरीको बर्दिवासमा आइतबार आयोजित दलित समुदायको वर्तमान अवस्था : समस्या र समाधान विषयक कार्यशाला गोष्ठीको उद्घाटन गर्नुहुँदै अध्यक्ष यादवले विकास र समृद्धिको बाधक जातीय भेदभाव, असमानता र विभेद रहेकोले मुलुकलाई समृद्ध बनाउन भेदभाव, असमानताको अन्त्य हुनुपर्ने बताउनुभयो। अध्यक्ष यादवले दलित समुदाय भूमिहीन, आर्थिकरूपमा कमजोर रहेकाले यस्तै अवस्था कायम रहे मुलुक समृद्ध बन्न नसक्ने बताउनुभयो।

दलित समुदायको पेशा, कला, संस्कृति उजागर भए दलित समुदाय स्वत:समृद्ध हुने र यसबाट अधिकांश समस्या समाधान भएर जाने बताउनुहुँदै अध्यक्ष यादवले त्यसतर्फ राज्यको ध्यान पुग्नुपर्ने बताउनुभयो। वैदेशिक संस्कृति अपनाइरहेसम्म समृद्ध नेपालको परिकल्पना गर्न नसकिने दावी गर्नुहुँदै अध्यक्ष यादवले यहाँका कला र संस्कृति जोगाउनु सबैको दायित्व हो भन्नुभयो। सामाजिक विकास मन्त्रालय, दलित विकास समिति र इनोभेटिभ रिसर्च एण्ड डेभलपमेन्टको संयुक्त आयोजनामा भएको सो कार्यक्रममा सामाजिक विकास मन्त्री नवलकिशोर साह, राष्ट्रिय योजना आयोगका डा उमाशंकर प्रसाद, प्रदेश लोकसेवा आयोगका सुरेन्द्र यादव, दलित विकास समितिका उपाध्यक्ष रामप्रवेश बैठालगायतले बोल्नुभएको थियो।

दुई दिनसम्म चल्ने गोष्ठीमा प्रदेश-२ का दलित समुदायको अगुवाको सहभागिता रहेको इनोभेटिभ रिसर्च एण्ड डेभलपमेन्टका विनोदकुमार विश्वकर्माले जानकारी दिनुभयो।

# कांग्रेस महाधिवेशन : प्रदेश नं २ मा अनिश्चित

वीरगञ्ज, १९ मङ्सिर (रासस)।

नेपाली कांग्रेसको प्रदेश नं २ को नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अन्योलमा छ। हालसम्म केन्द्रिय निर्वाचन समितिबाट सबै प्रतिनिधिको नामावली प्रदेश निर्वाचन समिति समक्ष प्राप्त नहुँदा निर्वाचन प्रक्रिया अन्योलमा परेको हो।

प्रदेश नं २ का आठवटै जिल्लामा ३२ प्रदेश निर्वाचन क्षेत्र छन्। नेपाली कांग्रेस प्रदेश २ का निर्वाचन अधिकृत प्रल्हाद गौतमका अनुसार प्रदेशका सात निर्वाचन क्षेत्रमा प्रदेश अधिवेशन हुन नसकेकाले प्रतिनिधिको नामावली प्राप्त हुन सकेको छैन्।

मतदाता नामावली प्रकाशन हुन नसक्दा अन्य निर्वाचन प्रक्रिया अघि बढ्न नसकेको अधिकृत गौतमले जानकारी दिनुभयो। सर्लाहीका चार, बाराको प्रदेश निर्वाचन क्षेत्र २ (ख), सप्तरीको निर्वाचन क्षेत्र नं ४ र रौतहटको निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधि छनोट हुन सकेको छैन।

प्रदेश २ को सबै जिल्लाका प्रतिनिधि छनोट भएपछि कूल मतदाता एक हजार ८८८ पुग्ने छन्। निर्वाचन हुन बाँकी रहेका जिल्लाको प्रदेश अधिवेशनमार्फत छनोट हुने प्रतिनिधिको नामवली समावेश गरी बल्ल निर्वाचन प्रक्रिया अघि बढाउनुपर्ने निर्वाचन नभएका जिल्लाका नेता कार्यकर्ताको माग छ।

जनकपुरधाममा रामजानकी विवाहमहोत्सव प्रारम्भ भइसकेको र पार्टीको महाधिवेशनको मूलसमारोह आगामी २२ मङ्सिरमा रहेकाले प्रदेश २ को प्रदेश अधिवेशन महाधिवेशनपछि नै धकेलिने अनुमान गरिएको छ। निर्वाचन प्रक्रिया अन्योलमा परेपछि आइतबार पार्टी उपसभापति बिमलेन्द्र निधि, कोषाध्यक्ष सीतादेवी यादवलगायत नेता जनकपुरमा छलफलमा जुट्दै हुनुहुन्छ।

छलफलपछि औपचारिक रुपमा निर्वाचन प्रक्रियाबारे सूचना जारी गर्ने निर्वाचन अधिकृत गौतमले जानकारी दिनुभयो। यस अगावै प्रदेश सभापतिका लागि रौतहटका कृष्णा यादव र प्रदेश सरकारमा भौतिक पूर्वाधार विकास तथा यातायातमन्त्री रामसरोज यादवले उम्मेदवारी घोषणा गरिसक्नुभएको छ।

# विवाहपञ्चमी महोत्सवमा धनुषयज्ञ

धनुषा, १९ मङ्सिर (रासस)।

जनकपुरधाममा आइतबार रामजानकी विवाहपञ्चमी महोत्सवको तेस्रो दिन धनुषयज्ञ मनाइँदै छ। त्रेतायुगमा भगवान् रामले धनुष भाँचेर सीतासँग विवाह गरेको भन्ने धार्मिक विश्वासमा आइतबार रामको प्रतिकात्मकरुप धारण गरेका बालबालिकाले पनि धनुष भाँच्ने अर्थात् धनुषयज्ञ कार्यक्रम गरेको जानकी मन्दिरका महन्त रामतपेश्वर दासले जानकारी दिनुभयो।

रामायणमा वर्णन गरिएअनुसार पर्शुरामले मिथिलाका राजा जनकलाई उक्त धनुष प्रदान गरेका थिए। राजा जनकले धनुष उठाएर वाण छोड्ने महाशक्तिशालीसँग मात्रै सीताको विवाह गर्ने उद्घोष गरेकाले धनुषयज्ञमा चौतर्फी रुपमा दर्जनौं शक्तिशाली र बलबान राजा महाराजा र राजकुमार सहभागी भए पनि कसैले धनुष हल्लाउन सकेनन्।

अन्त्यमा आयोध्याबाट आएका दशरथपुत्र रामले यज्ञमा राखिएको धनुषलाई सहजै उठाएर ताँदो चढाउन लाग्दा तीन टुक्रा भएको थियो। धनुषको तीन टुक्रामध्ये एक आकाश, एक धनुषाधाम र एक भारतको गिरिजास्थान गएको धार्मिक विश्वास छ।

सप्ताहव्यापी विवाहपञ्चमीको पहिलो दिन नगरदर्शन र दोस्रो दिन शनिबार फूलबारी लीला सम्पन्न भइसकेको छ भने आइतबार धनुषयज्ञ मनाइएको छ। विवाहपञ्चमीको चौथो दिन भोलि सोमबार तिल्कोत्सव, मङ्गलबार मटकोर रहेको छ भने बुधबार मुख्य दिन विवाह महोत्सव रहेको छ।

बिहीबार रामकलेवा गरी विधिवत् रुपमा विवाहपञ्चमी महोत्सव समापन हुनेछ। त्रेतायुगमा भगवान् राम र आदर्श नारी सीताबीच विवाह भएको सम्झनामा जनकपुरधाममा प्रत्येक वर्ष एक हप्तासम्म धुमधामले विवाहपञ्चमी महोत्सव मनाउने गरिन्छ।

गत दुई वर्षदेखि कोरोना महामारीले असर पारेको महोत्सवमा यस वर्ष धुमधाम साथ मनाउने तयारी रहेको मन्दिरका महन्थ बैष्णवले बताउनुभयो। अहिले विवाह पञ्चमीका अवसरमा जानकी मन्दिरलाई नवबेहुली झैं सजाइएको छ, भने जनकपुरधाम नगर क्षेत्रलाई सरसफाइ गरी मुख्य चोकमा प्रवेश द्वार निर्माण गरिएको छ।

महोत्सव हेर्न देशभित्र र भारतसहित तेस्रो मुलुकका पर्यटकको पनि उल्लेख्य सहभागिता देखिएको छ।

# नेपाली वस्तुको निर्यात दुई गुणाले वृद्धि

पर्सा, १९ मङ्सिर (रासस)।

देशकै प्रमुख व्यापारिक नाका वीरगन्ज भन्सार प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा उलेख्य वृद्धि भएको छ । गत आर्थिक वर्षको पहिलो चौमासिको तुलनामा चालु आवको सोही अवधिमा उक्त नाका प्रयोग गरी हुने नेपाली वस्तुको निर्यातमा दुई गुणाभन्दा बढी वृद्धि भएको हो।

आर्थिक वर्ष २०७७/०७८को साउनदेखी कात्तिकसम्मको चार महिनामा वीरगन्ज नाका प्रयोग गरी रू १२ अर्ब ४४ करोड मूल्य बराबरका विभिन्न वस्तु निवासी भएकामा चालु आवको साउनदेखि कात्तिकसम्म रू ३९ अर्ब ५६ करोड ३९ लाख बराबरको विभिन्न वस्तु निकासी भएको छ।

विश्वस्तरमै कोरोनाको सङ्क्रमण घटदै गएपछि उद्योग व्यापारमा पनि सहजता भएकाले भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यामा वृद्धि देखिएको कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिनुभयो। उहाँले नेपालबाट भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा सबैभन्दा बढी भटमासको प्रशोधित तेल, प्रशोधित पाम आयल, फलफूलको जुस, सूर्यमुखीको प्रशोधित तेल, भटमासको पिना, जडिबुटीलगायत वस्तु रहेको बताउनुभयो।

नेपाली वस्तुको निर्यात वृद्धिसँगै यसको प्रभाव राजश्व सङ्कलनमा समेत देखिएको छ। गत आर्थिक वर्षको पहिलो चौमासिको तुलनामा चालु आवको सोही अवधिमा कार्यालयले रू २६ अर्बभन्दा बढी राजश्व सङ्कलन गर्न सफल भएको हो ।

गत आर्थिक वर्षको पहिलो चार महिनामा उक्त कार्यालयले रू ४३ अर्ब ६७ करोड २६ लाख राजश्व सङ्कलन गरेकामा .चालु आवमा २६ अर्ब ४४करोड ८८ लाख बढी अर्थात ७० अर्ब १२ करोड १४ लाख राजश्स सङ्कलन गर्न सफल भएको छ।






## विश्व समाचार

### यमनको राजधानीमा साउदी अरेबियाको सेनाद्धारा हवाई आक्रमण

साना १९ मङ्सिर (रासस/सिन्ह्वा)।

साउदी अरेबियाली सेनाको नेतृत्वमा रहेको सैन्य समूहले शनिबार राति यमनको राजधानी सानामा हमला गरेको छ। राजधानी सानामा यहाँका हुथी विद्रोहीहरुले कब्जामा लिएका केही स्थान फिर्ता गर्न सो हमला भएको हो। सो हवाई हमलाबाट यमनी राजधानी सानामा हुथीहरुले सञ्चालन गर्दै आएका तीन ओटा क्याम्प नियन्त्रणमा लिइएको छ। ती क्याम्पमा रहेका केही खाद्य भण्डारण पनि सो सेनाले ध्वस्त पारिदिएको बताएको छ।

अल अनाबमा रहेका ती खाद्य भण्डारणहरु सेनाले कब्जामा लिएको छ। यहाँका हुथी विद्रोहीहरुले उक्त क्षेत्रमा क्याम्प सञ्चालन गरेका छन् भने उनीहरुले केही स्थान आफ्नो कब्जामा पनि लिएका छन्। शुक्रबार मात्र पनि यमनको उत्तरपश्चिमी प्रान्त सादामा सो सेनाले कारबाही गरेको थियो। कारबाहीका क्रममा केही हुथी विद्रोहीहरु मारिएका बताइएको थियो। साउदी नेतृत्वको सेनाले सो सादा क्षेत्रमा विगतदेखि नै कारबाही गर्दै आएको छ। उता केही दिन यतादेखि यमनको मारिब शहरमा पनि सायदी सेनाले लगातार हवाई आक्रमण पनि गर्दै आएको छ।

### भारतमा कोभिड-१९ को मृत्युमा दैनिक वृद्धि

नयाँ दिल्ली, १९ मङ्सिर (रासस/एएनआई)।

भारतमा गत एक दिनमा कोभिड-१९ बाट मृत्यु हुनेको संख्यामा तीव्र वृद्धि भएको छ। हिजो एकै दिनमा थप दुई हजार ७९६ जनाको मृत्यु भएको केन्द्रीय स्वास्थ्य मन्त्रालयले आइतबार जारी गरेको आधिकारिक तथ्यांकले देखाएको छ।

विगत केही दिनयता मृत्यु हुनेको सङ्ख्या ४०० को हाराहारीमा रहेको थियो। शनिबार एकैदिनमा दुई हजार ७९६ जनाको मृत्यु भएको यो संख्या बिहारमा कोरोना सङ्क्रमणबाट मृत्यु भएका व्यक्तिको पूरानो संख्यालाई पनि मिलाइएको जनाइएको छ। यद्यपी हिजो एकै दिनमा केरलामा कोरोना सङ्क्रमणको कारण २६३ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ। आइतबार बिहानसम्म मुलुकमा कोरोनाबाट मृत्यु हुने व्यक्तिको कूल सङ्ख्या ४ लाख ७३ हजार ३२६ पुगेको छ।

देशमा अहिले पनि ९९ हजार १५५ सक्रिय कोभिड-१९ सङ्क्रमित रहेका छन्। यो संख्या कूल सङ्क्रमतिको एक प्रतिशत भन्दा कम भएको समाचारमा जनाइएको छ। सक्रिय सङ्क्रमितको यो संख्या ०.२९ प्रतिशत रहेको जनाइएको छ। गएको एक दिनमा ६ हजार ९१८ जना कोरोना मुक्त भएका छन्। हालसम्म ३ करोड ४० लाख ६० हजार ७७४ जना कोरोना निको भएका छन्। कोरोना मुक्ती यो दर ९८.३५ रहेको समाचारमा जनाइएको छ।

यसैबीच, पछिल्लो २४ घण्टामा देशभर ८ हजार ८९५ नयाँ सङ्क्रमित थपिएसँगै आइतबार देशमा कोभिड-१९ सङ्क्रमितको संख्या ३ करोड ४६ लाख ३३ हजार २५५ पुगेको केन्द्रीय स्वास्थ्य मन्त्रालयको पछिल्लो तथ्यांकले देखाएको छ। भारत शनिबार एकै दिनमा १२ लाख २६ हजार ६४ जनाको कोरोना परिक्षण गरिएको थियो। यसैसँगै कोरोना शुरु भएदेखि हालसम्म ६४ करोड ७२ लाख ५२ हजार ८५० जना कोरोना परिक्षण गरिएको जनाइएको छ।

भारतमा गत जनवरी १६ बाट कोरोनाविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्व ३८ करोड ९५ लाख ३८ हजार ३० डोज खोप लगाइएको छ।

### सुरक्षाबलको गोली लागेर १३ सर्वसाधारणको मृत्यु

नयाँदिल्ली, १९ मङ्सिर (रासस/एएफपी)।

भारतीय सुरक्षाबलले उत्तरपूर्वी राज्य नागाल्याण्डमा एक ट्रकमा गोली चलाउँदा र आक्रमणको विरोध गर्न भेला भएका भीडलाई गोली हान्दा तेह्र जना सर्वसाधारणको मृत्यु भएको प्रहरीले आइतबार जनाएको छ। पूरा सोन जिल्लाको अवस्था अहिले निकै तनावपूर्ण रहेको र नागाल्याण्ड बाहिरका एक मजदुरसहित १३ जनाको मृत्यु भएको पुष्टि भएको शनिबारको घटनाका प्रहरी अधिकारी सन्दीप एम. तामगाडगेले बताएका छन्।

तामगाडगेले ओटिङ गाउँमा आफ्नो घर फर्किने क्रममा सुरक्षाबलले गरेको हमलामा ६ जना मजदुरको मृत्यु भएको बताएका छन्। परिवारका सदस्यहरु बेपत्ता व्यक्तिहरुको खोजीमा गएका र शव फेला परेपछि सुरक्षा बलहरू सामना गरेका बताइएको छ। त्यसपछि मृतकहरुका आफन्तका बारेमा प्रश्न गर्न गएका सुरक्षाबलबीचको झडपका क्रममा सुरक्षाकर्मीले गोली चलाउँदा थप सात जनाको मृत्यु भएको तामगाडगेले बताएका छन्।

भारतीय सेनाले जारी गरेको एक विज्ञप्तिमा यस क्षेत्रमा सक्रिय विद्रोहीहरूलाई पछ्याउन विश्वसनीय गुप्तचरहरुले काम गरिरहेको बताएको छ। यस विज्ञप्तिमा घटनाका क्रममा सुरक्षाबलका एक सदस्यको मृत्यु भएको र अन्य केही घाइते भएका पनि थपिएको छ। विज्ञप्तिमा भनिएको छ, ‘दुर्भाग्यपूर्ण ज्यान गुमाउनुको कारणबारे उच्च स्तरीय छानबिन भइरहेको छ र कानून बमोजिम आवश्यक कारबाही गरिने छ।

दुर्भाग्यपूर्ण ज्यान गुमाउनुको कारणबारे उच्च तहमा अनुसन्धान भइरहेको र कानुन बमोजिम आवश्यक कारबाही गरिने विज्ञप्तिमा उल्लेख छ। नागाल्याण्डका मुख्यमन्त्रीले शान्त रहन अपील गर्दै छानबिनको घोषणा गरेका छन्। सर्वसाधारणको हत्याको दुर्भाग्यपूर्ण घटना अत्यन्तै निन्दनीय छ, उहाँले ट्वीटरमार्फत सबै वर्गबाट शान्तिको लागि अपील गर्नु भएको छ।

# डिजिटल बैकिङ सम्बन्धि वित्तीय साक्षरता कार्यक्रम सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

ग्लोबल आईएमई बैंक लिमिटेडले आइतबार राजविराजमा डिजिटल बैकिङ सम्बन्धि वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरेको छ ।

डिजिटल बैकिङ सेवाको विस्तार र प्रोत्साहनका लागि देशव्यापी रुपमा वित्तीय साक्षरता अभियान अन्तर्गत कार्यक्रम आयोजना गरिएको बैंकका राजविराज शाखा प्रबन्धक मनिष महासेठले जानकारी दिए ।

कार्यक्रममा ग्राहकहरुलाई बैंकले उपलब्ध गराउँदै आएका बिभिन्न प्रकारका डिजिटल प्रविधि तथा सेवाहरुको प्रयोग कसरी गर्ने बारे जानकारी गराउनुका साथै उक्त सेवाहरुको प्रयोगबाट दैनिक गतिविधिहरु कसरी सहज हुन सक्छन् भन्ने विषयमा अन्तरक्रिया तथा प्रयोगात्मक प्रशिक्षण दिइएको थियो ।

कार्यक्रमस्थलबाटै अधिकांश ग्राहकहरुले मिस्डकल बैंकिङको माध्यमबाट तुरुन्तै आफ्नो खाताको रकम चेक गर्ने तथा मोबाइल रिचार्ज गर्ने जस्ता कार्यहरु प्रयोगात्मक रुपमै गरेका थिए ।

बैंकले उक्त अभियानका माध्यमबाट प्रदेश हुँदै स्थानीय तहसम्मै डिजिटल वित्तीय सचेतना वृद्धि गर्ने तथा ग्राहकहरुको वित्तीय पहुँचसमेत विस्तार गर्ने उद्देश्य लिएको जनाएको छ ।

अभियानका लागि बैंकले ७६ जिल्लामा रहेका आफ्ना २ सय ८७ शाखा कार्यालय, केन्द्रीय र प्रादेशिक कार्यालयलाई समेत परिचालन गरी ग्राहक तथा स्थानीयवासी लाभान्वित बनाउने अभियान सञ्चालन गरिहेको बैंकका संचालन प्रमुख अनामिका सिंहले बताइन् ।

राजविराज शाखाका प्रमुख मनिष माहासेठ, बैंकका संचालन प्रमुख अनामिका सिंह, डिजिटल बैंकिङ अधिकृत रविन्द्र सिंह ओलीलगायतले डिजिटल बैंकिङमार्फत उपलब्ध सेवाहरु र यसको प्रयोगबारे विस्तृत जानकारी दिएका थिए ।

# जनमत पार्टीद्वारा मलखाद, सिंचाइको समस्या समाधानसहितका १० बुँदे माग



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

जनमत पार्टी सप्तरीले मलखाद, सिंचाइको समस्या समाधानसहितका १० बुँदे माग राख्दै आइतबार जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापन-पत्र बुझाएको छ ।

बुझाइएको ज्ञापनमा गहुँ खेतीको समयमा किसानहरुले मलखादको चरम समस्या खेप्न बाध्य भएकोले किसानहरूलाई मलखाद र सिंचाइको सहज व्यबस्था मिलाउनुपर्ने लगायतका १० बुँदे माग रहेको छ ।

पार्टीका अध्यक्ष चन्देश्वर मण्डलको नेतृत्वमा गएको नेताकार्यकर्ताले किसानहरूको समस्या सामाधान गर्नुपर्ने लगायतका माग राखी प्रशासकीय अधिकृत किशोर कुमार रामलाई सो ज्ञापन-पत्र बुझाएका हुन् ।

ज्ञापन-पत्र बुझ्दै प्रशासकीय अधिकृत रामले जनमत पार्टीले उठाएका माग सम्बोधनका लागि सम्बन्धित निकायमा चाँडै पठाउने प्रतिबद्धता व्यक्त गरे ।

ज्ञापन-पत्र बुझाउन पार्टीका जिल्ला सचिव थानेश्वर प्रसाद साह, सह-सचिव शिवनन्दन मेहता, कोषाध्यक्ष शम्भु साह, जिल्ला सदस्य अमर यादवलगायतका जिल्ला स्तरीय नेताकार्यकर्ताहरुको उपस्थित रहेको थियो ।

### *सप्तरीमा खुल्यो ...*

सशस्त्र प्रहरी नायब महानिरीक्षक गणेश ठाडामगर, प्रधान कार्यालयको मानव स्रोत विभागका सशस्त्र प्रहरी नायब महानिरीक्षक राजु अर्याल, सशस्त्र प्रहरी उपरीक्षकहरू सशस्त्र प्रहरी नेपाल दन्तकाली विशेष कार्य तालिम शिक्षालय बरमझियाका रुपकुमार क्षेत्री, महोत्तरीका सुरेश सापकोटा, नेपाली सेनाका गणपति निरज भण्डारी, प्रहरी उपरीक्षक अविनारायण काफ्लेलगायत समाजसेवी, शिक्षक र सञ्चारकर्मीहरू सहभागीता थियो ।

# कुटपिट गर्दा श्रीमतीको मृत्युभएपछि श्रीमान् पक्राउ

दमक, १९ मङ्सिर (रासस) ।

श्रीमतीलाई कुटपिट गरी हत्या गरेको अभियोगमा दमकबाट एक पुरुष पक्राउ परेका छन् । दमक-१० का ४५ वर्षीय रामकुमार लिम्बूलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । लिम्बूमाथि प्रहरी कार्यालयमा उजुरी परेपछि आवश्यक अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिइएको दमकका प्रहरी नायब उपरीक्षक नवराज कार्कीले बताउनुभयो ।

उहाँका अनुसार यही मङ्सिर १६ गते घरायसी झगडा हुदाँ लिम्बूले आफनै ४९ वर्षीया श्रीमती घनादेवी आचार्यलाई कुटपिट गरेको र घाइतेको उपचारका क्रममा मृत्यु भएको प्रहरीमा बुझाएको जाहेरीमा उल्लेख छ । प्रहरीले घटनाका बारे थप अनुसन्धान सुरु गरेको उहाँले बताउनुभयो ।

# स्वयंसेविकाहरू सम्मानित



**दैनिक समाचारदाता**
**राजविराज, १९ मंसिर ।**

१८ औ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा आइतबार राजबिराजमा महिला स्वास्थ स्वयमसेविकाहरू सम्मानित भएकी छिन् ।

राजबिराज नगरपालिका स्वास्थ शाखाद्वारा आयोजित अन्तरक्रिया कार्यक्रममा उनीहरूलाई सम्मानित गरिएको हो ।

उक्त अवसरमा राजबिराज नगरपालिका उपप्रमुख साधना झाले नेपालमा बालबालिका तथा मातृ मृत्यदर प्रभावकारी रूपमा घट्नुका पछाडि स्वास्थ्य स्वयंसेविकाको उल्लेखनीय योगदान रहेकोप्रति प्रशंसा गरिन् । सामान्यभन्दा सामान्य रोगको उपचार नपाएर दीर्घकालीन रूपमा रोगी बनेर बस्न र ज्यानै गुमाउन बाध्य समुदायमा महिला स्वयंसेविकाले निकै महत्वपूर्ण काम गरिरहेको उनले जिकिर गरिन् ।

कार्यक्रममा स्वास्थ शाखा प्रमुख निरन्जन यादबले चिकित्सक सहरकेन्द्रित मानसिकताले गर्दा गाउँघरका कयौं स्वास्थ्य संस्था चिकित्सक विहीन रहेको बेला स्वास्थ्य कर्मचारीले पनि बिरामीलाई राम्रो सेवा दिन नसकिरहेको देशमा स्वास्थ्य स्वयंसेविकाको भूमिका उल्लेख्नीय रहेको बताए ।

शिक्षा शाखा प्रमुख भोगेन्द्र यादबले महिला तथा बालबालिकाको स्वास्थ्यको क्षेत्रमा मानिसको ढोका-ढोकामा पुगेर स्वास्थ्य सेवा दिने काम उनीहरूले गरिरहेकोमा प्रशंसा गरे ।

स्वास्थ शाखा प्रमुख निरन्जन यादबको अध्यक्षतामा आयोजित कार्यक्रममा महिला शाखा प्रमुख अनिता चौधरी, महिला स्वास्थ स्यंमसेविका राजेश्वरी थापा, निर्मला पोखरेल लगायतले शुभकामना मन्तब्य दिएका थिए भने कार्यक्रमको संचालन शहरी स्वास्थ क्लिनिक का प्रमुख संतोष दासले गरेका थिए ।

हाल सरकारले प्रति महिला स्वास्थ्य स्वयंसेविकाका लागि वार्षिक पोशाक खर्च १० हजार, यातायात खर्च १२ हजार उपलब्ध गराउँदै आएको छ । हाल देशभर ५१ हजार ४ सय २३ जना महिला स्वास्थ्य स्वयंसेविका रहेका छन् ।

कोरोना संक्रमणदर घटेको मात्र हो पूर्णरुपमा हटेको छैन ।
त्यसैले सचेत र सतर्क रहौं ।
विद्यालय तथा अन्य जमघटमा जाँदा
स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
City Express Money Transfer
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np